मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# विश्व वातावरण दिवसको शुभकामना !

स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा विश्व वातावरण दिवस (जुन ५, २०२२) को अवसरमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु । यस वर्ष '***Only One Earth***' नाराका साथ विश्वभर वातावरण दिवस मनाइँदैछ ।

वातावरण नै हाम्रो जिउने आधार हो । अर्थात् मानव समाज प्राकृतिक वातावरणको अभिन्न पक्ष हो । पृथ्वी र प्रकृतिको संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम गर्ने दायित्व हामी सबैको हो । वातावरण सुधार गर्ने, जल, जमिन र जंगल र वायुसँग मानव, जीवजन्तु र वनस्पतिको सम्बन्धलाई जीवन्त बनाउनु अहिलेको आवश्यकता हो । नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ । प्रदेश सरकारले दीगो, सन्तुलित र तीव्र आर्थिक सामाजिक विकासका लागि वातावरणमैत्री नीति तथा प्रविधिको उपयोग र प्रवर्द्धन गर्ने नीति अवलम्बन गरेको छ ।

विश्वमा बढ्दो वातावरण विनाश अनि अव्यवस्थित विकास हाम्रा सामु ठूलो चुनौती बनेको छ । विश्वभर हुँदै गरेको वातावरण विनाशमा नेपालको भूमिका नगन्य छ । तर वातावारण संरक्षणका पक्षमा नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुमा व्यक्त गरेका प्रतिबद्धता कार्यान्वयनमा हामीले क्रियाशीलता र तत्परता देखाउनुपर्ने आवश्यकता छ ।

अन्तमा, वातावरणको संरक्षण तथा संवर्द्धनमा जुट्नुहुने सबैमा धन्यवाद दिँदै वातावरण संरक्षणको साझा लक्ष्यमा अघि बढ्न हौसला प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

।

२०७९ जेठ २२

कृष्णचन्द्र नेपाली पोखरेल